# भगवतीमाई गाँउपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पगनाथ,दैलेख
## कर्णालीप्रदेश नेपाल
### शिलबन्दी दरभाउपत्रआव्हानको सूचना
(प्रथम पटक प्रकाशितमिति :- २०७७/०८/२१

यस कार्यालयको आर्थिक वर्ष २०७७।०७८को स्वीकृत कार्यक्रमअनुसार वडा कार्यालयहरुको लागि आवश्यक कम्प्युटर, प्रिन्टर र स्क्यानर खरिद सम्बन्धी कार्य शिलवन्दी दरभाउपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले इजाजतपत्रप्राप्त ईच्छुक फर्म वा सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वकको शिलवन्दी दरभाउपत्रआह्वान गरिन्छ ।

१. दरभाउपत्रफाराम यो सूचनाप्रथम पटक प्रकाशितभएको मितिले १५ औं दिन (२०७७/०९/०५ गते)भित्रकार्यालय समयम । नविकरण भएको फम दर्ता प्रमाण पत्र, आयकर दर्ता ,मु.अ.कर दर्ता र आ.व. २०७५।७६ को कर चुक्ताभएको प्रमाणपत्रका प्रतिलिपि संलग्न राखीलिखितनिवेदन साथतलउल्लेखित दस्तुर (फिर्ता नहुने गरी) यसकार्यालयको राजश्व इकाईमा नगदै बुझाई यस कार्यालयबाट खरिद गर्न सकिने छ ।
२. दरभाउपत्र फारम प्रथम पटक सूचना प्रकाशितभएको मितिले १६ औं दिन (२०७७/०९/०६ गते) को १२.०० बजे भित्रसिलबन्दी खाममालाहाछाप गरी विवरण प्रष्ट खुलाई निवेदन साथ यस कार्यालयमादर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २ :०० बजे यस कार्यालयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमाखोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र खरीदगर्ने वा दाखिलागर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्तकार्यहरु क्रमश : लगत्तै कार्यालय खुलेको दिनहुनेछ ।
३. दरभाउपत्रको साथ जमानतबापतको तपसिल बमोजिमको रकम प्रभु बैंक भगवतीमाई शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. ग ३.१ १५१०१०९३२८८०००४१ मा नगदैजम्मा गरेको सक्कलै बैंक भौचर वा दरभाउपत्रदाखिलागर्ने अन्तिममिति बाट कम्तीमा७५ दिनम्यादभएको यस कार्यालयको नाममाजारी गरिएको बैंक जमानीपत्र (बिडबण्ड) पेश गर्नु पर्नेछ ।
४. म्याद नाघि आएको, रीत नपुगेको र शर्त राखिएको दरभाउपत्रउपर कारबाहीहुने छैन ।
५. दरभाउपत्रदाताबाट दरभाउपत्रमा उल्लेखितमूल्य परिमाण सूची (BOQ) माप्रत्येक आइटमको मूल्यअभिबृद्धि कर बाहेकको दररेट भरी नआएमात्यस्तो दरभाउपत्रउपर कुनै कारवाहीहुनेछैन । साथै दर रेटमा अंक र अक्षरमा फरक परेमाअक्षरलाई मान्यतादिईनेछ । केरमेट भएकोमा केरमेट भएको ठाउँमा सहिछाप भएको हुनुपर्नेछ ।
६. यस कार्यालयको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वाआंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
७. यसमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभएकोमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ संशोधन सहित र अन्य प्रचलित ऐन कानून अनुसार हुनेछ ।
८. अन्य कुरा बझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गरी बुझ्न सकिने छ ।

| ठेक्कानम्बर | कामको विवरण | लगतअनुमान रु. (मू.अ. कर बाहेक) | दरभाउपत्रजमानत रकमरु. | दरभाउपत्रफारम दस्तुररु. | कैफियत |
|---|---|---|---|---|---|
| BRM/SQ/GOODS/09/2077/078 | वडा कार्यालयहरुको लागि कम्प्युटर, ७ थान प्रिन्टर ७ थान र स्क्यानर ७ थान खरिद कार्य | ६४७५००। | १८५००। | १०००। | |

प्रमुख प्रशासकीय अधिकृत

बखत... ...
प्रमुख प्रशासकीय अधिकृत